बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF MUNICIPAL EXECUTIVE
शिक्षा, युवा तथा खेलकुद शाखा
बेलबारी, मोरङ
BELBARI, MORANG
प्रदेश नं.१, नेपाल
(PROVIENCE - 1, NEPAL)

प.स. : २०७७/०७८
च.नं. : ४०१४

मिति: २०७८।०२।१६

**विषय :** विद्यार्थी मूल्यांकन गरी नतिजा प्रकासन सम्वन्धमा ।

श्री बेलबारी नगरपालिका अन्तर्गतका सवै
सामुदायिक तथा सस्थागत विद्यालयहरु

यस नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सवै विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नगर तथा विद्यालयस्तरका वार्षिक परीक्षा कोभिड १९ महामारी दोस्रो लहरका कारण आधारभूप शिक्षा परीक्षा सञ्चालन तथा परिचालन समितिको मिति २०७८ ।०१ ।२९ को निणयबाट मिति २०७८।०२।०२ गते वाट सञ्चालन हुने परीक्षाहरु स्थगित गरिएकोमा हाल विद्यार्थीको भौतिक उपस्थितिमा वार्षिक मूल्यांकन कार्य सञ्चालन गर्न सक्ने अवस्या नभएको र आगामी २०७८ असार वाट नयाँ शैक्षिक सत्र २०७८ शुरु हुने भएको हुँदा सबै विद्यालयहरुलाई तपसिल बमोजिमका कार्यप्रकृया पुरा गरी विद्यार्थी मूल्यांकन गरी नतिजा प्रकासन सम्वन्धी कार्य गर्नहुन निर्देशन गरिएको छ । कोभिड महामारीवाट जोगिने सवै सुरक्षा उपाय अपनाई समयमा नै कार्य सम्पादन गर्न गराउन हुन अनुरोध छ ।

२/१६
भूपेन्द्रप्रसाद कोइराला
भुपेन्द्र प्रसाद कोईराला
अधिकृत स्तर दसौं

तपसिल

अ. मूल्यांकन समिति गठन : विद्यालयद्धारा अन्तिम मूल्यांकन विवरणको अभिलेख तयार गरी सो अनुसार विवरण प्रमाणित गर्न देहायवमोजिमको मूल्यांकन समिति गठन गर्ने :

क. सम्वन्धित विद्यालयको प्र.अ.: अध्यक्ष
ख.सम्वन्धित तहको नियुक्तीका आधारमा सवैभन्दा जेष्ठ शिक्षक प्रतिनिधिः सदस्य
ग.प्र.अ.ले तोकेको शिक्षक : सदस्य सचिव((

(यसको आशय एउटा माध्यामिक तहमा ४ वटा सम्म मूल्यांकन समिति हुन सक्छन )

आ.मूल्यांकन प्रकृया :

१.पाठ्यक्रम अनुसार विद्यालयले लिएका आवधिक परीक्षा,निरन्तर विद्यार्थी मूल्यांकन तथा अन्य आन्तरिक मूल्यांकन (विद्यार्थीको नियमितता, कक्षामा अनुशासन, कक्षा तथा गृहकार्यमा लगाव, सामाजिक कार्यमा लगाव,ब्यक्तिगत तथा

belbarimun.gov.np ☎ 021-434259 021-434213 info@belbarimun.gov.np

भुपेन्द्र प्रसाद कोईराला
अधिकृत स्तर दसौं

प.स. : २०७७।०७८
च.नं. : ४०१४

वातावरणीय सरसफाइ , स्वास्थ मापदण्डको पालना जस्ता आधार ) र प्रयोगात्म मूल्यांकन समेतलाई आधार मानेर विषयगत रुपमा तपसिलको निर्देशन अनुसार मूल्यांकन अभिलेख तयार गर्ने ।

क) कक्षा १–३ कालागि सत प्रतिसत निरन्तर विद्यार्थी मूल्यांकन गरी नतिजा प्रकाशित गर्ने ।

ख) कक्षा ४ र ५ को ५० प्रतिसत निरन्तर विद्यार्थी मूल्यांकन र ५० प्रतिसत आवधिक परीक्षाका आधारमा मूल्यांकन गरी नतिजा तयार गर्ने र कक्षा ५ को हकमा **IEMIS** पद्दति अनुसारको एक्सेल सिट तयार गरी २ कपी प्रिन्ट गरी विद्यालयमा गठित समितिबाट प्रमाणिकरण गराई नगरपालिकाबाट अन्तिम प्रमाणिकरणका लागि मिति २०७८ साल जेठ २५ गते भित्र पेश गरी प्रमाणिकरण पश्चातमात्र नतिजा प्रकाशित गर्ने । **IEMIS** पद्दति अनुसारको तयार गरिएको एक्सेल रिजल्ट सिट प्रमाणित गर्ने बेलामा Softcopy समेत नगरपालिकामा बुझाउनु पर्नेछ ।

ग) कक्षा ६ र ७ का विद्यार्थीको मूल्यांकन ६० प्रतिसत आवधिक परीक्षा र ४० प्रतिसत निरन्तर विद्यार्थी मूल्यांकन पद्दतिवाट मूल्यांकन गर्ने र आवधिक परीक्षावाट मूल्यांकन गर्दा विद्यालयले हालसम्म सञ्चालन गरेका परीक्षामा विद्यार्थीले प्राप्त गरेको अंकका आधारमा अंक रुपान्तरण गर्ने र मार्क लेजर तयार गरी परीक्षाफल प्रकाशित गर्ने ।

घ) कक्षा ८ को प्रयोगात्मक अंक सम्वन्धित विषय शिक्षकले गरेको मूल्यांकन र शैद्धान्तिक परीक्षालाई मूल्यांकन गर्दा शैद्धान्तिक भारलाई सतप्रतिसत मानी सो को ६० प्रतिसत विद्यालयले लिएको आवधिक परीक्षा र ४० प्रतिसत आन्तरिक मूल्यांकनवाट गणना गरी सवै विषय शिक्षकवाट विषयगत प्रमाणित मार्क स्लीप तयार गर्न लगाउने र त्यसरी तयार गरिएको मार्क स्लीपवाट ग्रेड लेजर र मार्क सीट तयारी प्रयोजनका लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रको **IEMIS** बाट कक्षा ८ को परीक्षा **Template download** गरी सोही **Template** मा प्राप्तांक प्रविष्टि ( entry ) गरी **Upload** गर्ने । **Upload** गरे पश्चात दुई प्रति मार्कलेजर प्रिन्ट गरी समितिका सवै सदस्यहरुले हस्ताक्षर गर्ने र मिति २०७८ साल जेठ २५ गते भित्र पालिकामा प्रमाणीकरणका लागि दुवै प्रति पेश गर्ने र पालिकाबाट नतिजा प्रकासन भए पछि विद्यालयमा एक प्रति लगेर अभिलेख राख्ने ।विद्यार्थीलाई उपलब्ध गराउने ग्रेडसिट नतिजा प्रकासन भए पछि सम्वन्धित विद्यालयलाई पालिकाबाट उपलब्ध गराउने ।

ङ) कक्षा ९ को शैद्धान्तिक परीक्षालाई मूल्यांकन गर्दा ६० प्रतिसत विद्यालयले लिएको आवधिक परीक्षा र ४० प्रतिसत आन्तरिक मूल्यांकनवाट र प्रयोगात्मक अंक सम्वन्धित विषय शिक्षकले गरेको मूल्यांकनबाट गणना गर्ने ।

२. उल्लेखित १ बमोजिम अन्तिम मूल्यांकनको विषयगत अंकमा पूर्व परीक्षा ( त्रैमासिक र अर्धवार्षिक परीक्षा ) को अंक जोडेर सवै विषय शिक्षकवाट मार्क स्लीप तयार गर्न लगाउने र त्यसरी तयार गरिएको मार्क स्लीपवाट ग्रेड लेजर तयार गरी र मार्क सीट तयारी गर्ने र नतिजा प्रकासन पछि विद्यार्थीलाई उपलब्ध गराउने ।

३. पालिकामा प्रमाणीकरणका लागि पेश गर्ने मुल्यांकन समितिले तयार गरेको मार्कलेजर विवरणमा सच्याउन ,केरमेट गर्न र टिपेक्सको प्रयोग गर्न पाइनेछैन ।

भुपेन्द्र प्रसाद कोइराला
अधिकृत स्तर दसौं

बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF MUNICIPAL EXECUTIVE
शिक्षा युवा तथा खेलकुद शाखा
बेलबारी, मोरङ
BELBARI, MORANG
प्रदेश नं.१, नेपाल
(PROVIENCE – 1, NEPAL)


प.स. : २०७७।०७८
च.नं. : ४०९५

४.कक्षा ८ को परीक्षा नतिजा नगरपालिकाबाट प्रकासन नभए सम्म विद्यालयले सार्वजनिक गर्न पाउने छैन ।

५.मूल्यांकन समितिले पठाएको विवरण झुठा ठहरेमा वा गलत विवरण पेश गरेको पाइएमा सो को कानून बमोजिम जवाफदेहिता मूल्यांकन समितिले नै बहन गर्नु पर्नेछ ।

६.नगरस्तरमा हुने भनिएका कक्षाका परीक्षा बाहेक अन्य कक्षाहरुको हकमा माथि उल्लेखित आधारमा विद्यार्थीको मूल्यांकन कार्य सम्पन्न गरी मार्कलेजर तथा ग्रेडसिट समेत प्रमाणीत गर्ने र २०७८ जेठ मसान्त अगावै नतिजा प्रकासन गर्ने दायित्व सम्वन्धित विद्यालयमा गठित मूल्यांकन समितिको हुनेछ ।

७.विद्यालयले नतिजा प्रकासन गर्दा विद्यालयमा अभिभावक तथा विद्यार्थीको भौतिक उपस्थिति नहुने गरी वेभसाइट, मेसेन्जर तथा टेलिफोन लगायतका माध्यमबाट सूचना प्रवाह गर्नु पर्नेछ

भुपेन्द्र प्रसाद कोईराला
अधिकृत स्तर दसौं


belbarimun.gov.np
021-434259
021-434213
info@belbarimun.gov.np